# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०६।१४ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------

यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, नारायणी पर्साले सवारीचालक अनुमतिपत्र प्रचलित कानून विपरित नेपालीकरणको नाममा जारी गरेको र नेपालीकरण गर्दाको अभिलेख समेतको सरकारी कागजात जलाई नष्ट गरी नेपाल सरकारलाई बदनियतका साथ हानी नोक्सानी पुर्‍याएको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा सो कार्यालयका प्रमुख (उपसचिव) विश्वराज नेपाल, तत्कालिन शाखा अधिकृतहरु कमलराज गौतम, शालीग्राम पौडेल र उमेश रेग्मी तथा तत्कालिन नायब सुब्बा अविन्दर दासको सो कार्यमा संलग्नता रहेको देखियो ।

यसरी सवारी चालक अनुमतिपत्रलाई नेपालीकरण गर्दा कानून बमोजिम यकिन गर्नुपर्ने कागजातहरु यकिन नगरी नेपालीकरणको नाममा गलत लिखत तयार गरी चालक अनुमति पत्र जारी गर्ने कार्यमा संलग्न कार्यालय प्रमुख विश्वराज नेपाल, तत्कालीन शाखा अधिकृतद्वय कमलराज गौतम र शालीग्राम पौडेलले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ९ बमोजिम कसूर गरेको देखिन आएकोले निजहरुलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ९ बमोजिम सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

साथै नेपालीकरणको लागि प्राप्त निवेदन र सो साथ संलग्न अन्य कागजातहरु र सफल परीक्षार्थीका उत्तरपुस्तिका लगायतका कागजात काम-तामेल भएको एक वर्ष नपुग्दै प्रमाण लोप गर्ने मनसायले नियम विपरित कागजात धुल्याइ सरकारी कागजात नष्ट गर्ने कार्यमा संलग्न कार्यालय प्रमुख विश्वराज नेपाल, तत्कालीन शाखा अधिकृत उमेश रेग्मी र तत्कालीन नायव सुब्बा अविन्दर दासले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १२ बमोजिम कसूर गरेको देखिन आएकोले निजहरुलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १२ बमोजिम सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(मदन कोइराला)
उपसचिव एवं सहायक प्रवक्ता